## विपद् व्यवस्थापन समितिको निर्णयहरु

१. यशोधरा -८, खोरिया मा मिति २०७८।०५।०५ देखि वाणगंगा नदीको कटानका कारण गाउँको बाटो भएको माटोको तटबन्ध चर्केकोमा आवश्यक व्यवस्थापन गर्न जिल्ला प्रशासन कार्यालयको च.नं. ५६५ मिति २०७८।०५।०७ को पत्रबाट गृह मन्त्रालयलाई अनुरोध गरिएको, जनताको तटबन्धको कार्यालय, बुटवल मार्फत तत्काल अस्थायी छेकबाँध बनाउन पहल गरिएकोमा उक्त कार्यालयबाट अस्थायी रुपमा तटबन्ध मर्मत संभार गरी कार्य सम्पन्न भएको बेहोरा बैठकमा अवगत गरियो । उक्त स्थानमा स्थायी रुपमा तटबन्ध बनाउनु पर्ने देखिन्छ ।

२. जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कपिलवस्तुको च.नं. ३० मिति २०७८।०५।२३ को पत्रानुसार चिरई खोला अन्तर्गत शिवराज -९, शिवगढी राजकुलो बाँध, खेतीयोग्य जमिन तथा शिवगढी गाउँ (वडा नं. ०९) कटान हुने उच्च जोखिममा रहेको जग्गा चिरई खोला, शिवराज न.पा-९ र १०, शिवगढी खेतीयोग्य जमिन तथा १० नं. गाउँ कटानको उच्च जोखिममा रहेको र सुरई नदी कृष्णनगर-१, गुर्चिहवा, डुमाई , खेतीयोग्ग जमिन कटान भइरहेको स्थानहरुमा तत्कालै नदी नियन्त्रण तथा कटानका लागि काम गर्नुपर्ने भएकोले उल्लिखित कार्य गर्न तत्काले जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कपिलवस्तुलाई निर्देशन दिने निर्णय गरियो ।

३. बुद्धभूमि नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बुड्ढी, कपिलवस्तुको च.नं. ४१४ मिति २०७८।०५।३० को पत्रानुसार बुद्धभूमि न.पा.ले बनाउन लागेको नगर स्तरीय अस्पताल निर्माणका लागि सिफारिस मागेको सम्बन्धमा छलफल गर्दा पेश भएका सर्जमिन मुचुल्का, नापी नक्सा, फिल्ड बुक, कार्ययोजना, बुद्धभूमि नगरपालिका, नगर कार्यपालिकाको मिति २०७८।०५।२१ को निर्णय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ५६ मिति २०७८।०५।२८ को सहमति पत्र र गृह मन्त्रालय (आन्तरिक प्रशासन , सवारी तथा सभा समारोह व्यवस्थापन शाखा), सिंहदरबार, काठमाण्डौंको च.नं. ११६ मिति २०७८।०५।२७ पत्रबाट आवश्यक कागजात पठाउने सम्बन्धी पत्र समेतका आधार र त्यस क्षेत्रमा विपद्को अवस्थामा अन्यत्र पनि उपयोगमा ल्याउन सकिने सरकारी जग्गा भएकोले उक्त कि.नं. १५६५ को गौचरन पर्ती जग्गा (३-११-०८) बिगाहा मध्ये उत्तर पूर्व तर्फको १-०-० बिगाहा जग्गा विपद् व्यवस्थापनका लागि भनी रोकी राख्नु नपर्ने हुँदा नगर स्तरीय अस्पताल बनाउन दिन उपयुक्त भएकोले सिफारिस गर्ने निर्णय गरियो ।

४. कोभिड-१९ संक्रमणको जिल्लाको अवस्थाबारे बैठकमा समीक्षा गरियो ।

२०७८।६।६